जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजबिराज दैनिक

वर्ष ३०   अंक १८२   २०७७ साल फागुन ६ गते बिहीबार (18 Feb. 2021 Thursday)   मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : पर्सा र बाराका चार ... ३ पृष्ठमा : कोरियामा नेपाली ... ३ पृष्ठमा : अमेरिकामा हिमआँधीबाट ...

# संयुक्त मोर्चा बनाएर आन्दोलनमा जाने तयारी भइरहेको छ : राजेन्द्र महतो




**दैनिक समाचारदाता राजबिराज, ५ फागुन ।**
जनता समाजवादी पार्टी नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले प्रधानमन्त्रीको असंबैधानिक कदम बिरुद्ध अन्य दलहरुसँग संयुक्त मोर्चा बनाएर आन्दोलनमा जाने बारेमा प्रयास भइरहेको जानकारी दिएका छन् ।

कार्यकर्ता भेटघाट तथा अन्य कार्यक्रममा सहभागि हुन बुधबार राजविराज आएका नेता महतोले सो जानकारी दिएका हुन् ।

उनले संविधान संशोधन र प्रतिनिधिसभाको पुर्नस्थापनाको विषयका साथ साथै रेशम चौधरी लगायत अन्य राजनीतिक बन्दीहरुको रिहाईको विषय पनि संयुक्त आन्दोलनका क्रममा साझा मुद्दाको रुपमा बनाइने बताए ।

जनताद्वारा निर्वाचित प्रतिनिधिसभा विघटन गरेर प्रधानमन्त्री ओलीले प्रतिगमनका साथै संबैधानिक "कु" गरेको आरोप लगाउँदै मुलुकको राजनैतिक संकट निकासका लागि प्रधानमन्त्रीको कदम सच्याउनु आवश्यक रहेको उनको भनाई छ ।

नेता महतोले बुधबारै राजविराजमा संचालनमा ल्याइएको एक डेन्टल क्लिनिक प्रालिको उद्घाटन गर्नुका साथै हनुमाननगर कंकालिनी नगरपालिका ४ मधवापुर पुगेर तीन दिनअघि निधन भएका जनता समाजवादी पार्टी नेपालका केन्द्रिय सदस्य सुरेन्द्र झाका परिवारजनलाई भेटेर सम्वेदना व्यक्त गरेका थिए ।

# छतबाट लडेर नाबालकको ज्यान गयो

**दैनिक समाचारदाता राजबिराज, ५ फागुन ।**
सप्तरीको डाक्नेश्वरी नगरपालिका १० बनौलामा मंगलबार साँझ एक नाबालकको छतबाट लडेर ज्यान गएको छ ।

स्थानिय खुशिलाल मण्डलका दुई वर्षिय छोरा दिपक मण्डलको छतमा खेल्ने क्रममा लडेर ज्यान गएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

छतबाट लडेर घाइते भएका नाबालकलाई उपचारका लागी राजबिराजतर्फ ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार नाबालकको मृत्यु भएपछि लाश घरमा लगेर राखेको सूचनाको आधारमा बुधबार ईलाका प्रहरी कार्यालय कल्यानपुरबाट खटेको प्रहरी टोलीले प्ररम्भिक


***बाँकी दुई पृष्ठमा***

# लागुऔषधसहित पक्राउ परेका दुई कारागार चलान

**दैनिक समाचारदाता राजबिराज, ५ फागुन ।**
सप्तरी प्रहरीले लागु औषधसहित पक्राउ गरेको दुई जनालाई बुधबार जिल्ला अदालतले पूर्पक्षका लागि कारागार चलान गरेको छ ।

जिल्लाको हनुमाननगर कंकालिनि नगरपालिका वडा नं

***बाँकी दुई पृष्ठमा***





# देउवालाई प्रतिगमनकारीको मतियार नबन्न वरिष्ठ राजनीतिज्ञ मण्डलको सुझाव

**दैनिक समाचारदाता राजबिराज, ५ फागुन ।**
बरिष्ठ राजनीतिज्ञ खुशीलाल मण्डलले नेपाली काँग्रसका सभापति शेरबहादुर देउवालाई प्रतिगमनकारीको मतियार नबन्न सुझाव दिएका छन् ।

राजनीतिज्ञ मण्डलले बुधबार एक प्रेस विज्ञप्ति जारि गर्दै फागुन ३ गतेको विरोघ सभामा निर्वाचन आयोगले निर्वाचनको कार्यक्रम घोषणा नगरेको भन्दै निर्वाचन आयोगलाई धमकाउनु ओली भन्दा देउवा निर्वाचनको लागि बढी आतुर रहेको पुष्टी गरेको जनाएका छन् ।

नेपाली काँग्रेसको ईतिहास प्रजातान्त्रिका आन्दोलनको नेतृत्व गर्ने दलमा रही आएको तर विगतमा नेतृत्वबाट भएको अदुरदर्सिताको कारण नेपाली काग्रेसको अहिले यस्तो अवस्था आएको आरोप समेत उनले लगाए । देउवा जस्ता व्यक्ति नेपाली काग्रेसको नेतृत्वकर्ता रहेमा सो दलको भविश्य अझै अन्धकार हुने नेपाली काग्रेसका सिद्धान्तनिष्ट नेता कार्यकतालाई उनले विज्ञप्तिमार्फत अनुरोध समेत गरेका छन् ।



**बरिष्ठ राजनीतिज्ञ खुशीलाल मण्डल**

यसअघि पनि पार्टी भित्रको विवादको कारण असंवैधानीक तरिकाबाट प्रधानमन्त्री ओली संसद विघटन गरेको विरोधमा राजनैतिक दल, नागरिक समाज, मानवअधिकारकर्मी, पत्रकार जगत लगायत देशका सम्पूर्ण चेतनशिल समाज ओलीको प्रतिगमनकारी कदमको विरुद्धमा आवाज उठाई आन्दोलनरत्त रहेको अवस्थामा शेरबहादुर देउवा अदालतलमा मुद्दा विचाराधिन रहेकोले सडकमा नारा जुलुस गरि अदालत माथी दवाव दिननहुने अभिव्यक्ति पटक-पटक दिदै आउनु भएको उनले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

विगतलाई स्मरण गराउँदै राजनीतिज्ञ मण्डलले विज्ञप्तिमा भनेका छन्, "पार्टी भित्रका आन्तरिक विवादका कारण प्रधानमन्त्री शेरबहादुर देउवा आफ्नो मन्त्रीहरुलाई समेत जानकारी नदिई तत्कालिन राजा ज्ञानेन्द्रको चाहना अनुसार २०५९ जेष्ठ ८ गते राती ११ बजे संसद विघटन गरेको र त्यसलाई सर्वोच्च अदालतद्वारा समेत अनुमोदन गरेपछि राजा महेन्द्र जस्तै राजा ज्ञानेन्द्र प्रत्यक्ष शासन चलाउन सुरु गरेपछि २०६० देखि २०६२ सम्म भएको आन्दोलनद्वारा संसद पुर्नस्थापना गराउनुको साथै राजतन्त्र समाप्तिको बाटो कोरेको थियो ।"

देउवाको विचारमा नपरी एक पटक पुन: संसद पुन:स्थापनको आन्दोलनमा आ-आफ्नो ठाउँबाट सहयोग गरी २००७ साल देखिको आन्दोलनबाट प्राप्त उपलब्धी पुर्णनभए पनि प्राप्त उपलब्धीको रक्षा गर्दै पुन:उपलब्धी प्राप्तीको लागि सचेत र सक्रीय रहन देशबासी सँग उनले अनुरोध गरेका छन् ।

# हिंसा नियन्त्रणमा सरकार संवेदनशील छ : गृहमन्त्री थापा

काठमाडौँ, ५ फागुन (रासस) ।

गृहमन्त्री रामबहादुर थापाले सबै प्रकारका महिला हिंसाका घटना नियन्त्रण गर्न सरकार संवेदनशील रहेको बताउनुभएको छ ।

“त्यस्ता जघन्य घटनामा संलग्नलाई कारवाहीको दायरामा ल्याउन मन्त्रालय प्रतिबद्ध छ”, उहाँले सामाजिक सञ्जालमार्फत भन्नुभयो, “बैतडीकी भागरथी भट्टको हत्यामा संलग्न अभियुक्त कानूनी कारवाहीको दायरामा आइसकेको छ ।” मन्त्री थापाले संवेदनशील रहेको यस घटनाको सफल अनुसन्धान गर्दै अभियुक्त पक्राउ गर्न सफल नेपाल प्रहरीसहितको समूहलाई धन्यवाद पनि दिनुभयो ।

यसअघि गृहमन्त्री थापाले मङ्गलबार मात्रै उक्त घटनाको दोषी नजिक प्रहरी पुगिसकेको सार्वजनिक गर्नुभएको थियो । बैतडीकी भागरथी भट्टको बलात्कार तथा हत्या गरेको आरोपमा पक्राउ परेका १६ वर्षका किशोरलाई पाँच दिन म्याद थप गरी अनुसन्धान थालिएको प्रहरीले जनाएको छ ।

---

## छतबाट लडेर ...

अनुससन्धान गरि शव परिक्षणका लागी गजेन्द्र नारायण सिंह अस्पताल राजबिराज राखिएको छ ।

यता घटनाबारे थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले जानकारी दिएका छन् ।

## छतबाट लडेर ...

१० बाट गत पुस ८ र १२ गते लागुऔषधसहित पक्राउ परेका सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका वडा नं १४ रामपुरमल्हनिया निवासी सन्तोष यादव र राजिव कुमार मण्डललाई अदालतले पूर्पक्षका लागि कारागार चलान गरेको हो ।

उनीहरुको साथबाट नाइट्राभेट, स्पास्मो प्रोक्सिन, नाइट्रोसन, डाइलेकस डिसी, डाइजेफाम, लिजेसिस इन्जेक्सनलगायत लागु औषध बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले जानकारी दिएका छन् ।

# पर्सा र बाराका चार उद्योगमाथि मुद्दा दायर

वीरगञ्ज, ५ फागुन (रासस) ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय वीरगञ्जले गुणस्तरहीन सामान उत्पादन गरी उपभोक्तालाई ठग्ने बारा जिल्लाको चारवटा उद्योगमाथि जिल्ला प्रशासन कार्यालय बारामा मुद्दा दायर गरेको छ । बारा जिल्लाका विभिन्न ठाउँमा सञ्चालनमा रहेको कामधेनु डेरी उद्योग, लक्ष्मी डेरी उद्योग, गणपति वनस्पति उद्योग र कुसुम आयल प्रालिले विगत लामो समयदेखि गुणस्तरहीन सामान उत्पादन गरी उपभोक्ता ठग्दै आइरहेकाले खाद्य ऐन २०२३ र दाना ऐन २०३३ अन्तर्गत ती उद्योगमाथि मुद्दा चलाइएको कार्यालयका खाद्य अनुसन्धान अधिकृत विक्की राउतले राससलाई बताउनुभयो ।

ती उद्योगको उत्पादन गर्ने वस्तुको नमूना सङ्कलन गरी प्रयोगशालामा परीक्षण गर्दा अखाद्य वस्तु भेटिएकाले ती उद्योगलाई हदैसम्मको कारवाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय बारामा मुद्दा दायर गरिएको प्रमुख राउतले बताउनुभयो । अहिले कार्यालयमा नयाँ तथा पुराना गरी ६० मुद्दा अनुसन्धानको क्रममा रहेको छ । ती मुद्दाअन्तर्गत तेल, घ्यू र मसलाजन्य पदार्थको मुद्दा बढी रहेको छ । कार्यालयले बारा र पर्साका उद्योग तथा बजारको अनुगमन गरी खाद्य नमूना ५५ वटा र दाना नमूना १० वटा सङ्कलन गरी परीक्षणको लागि जनकपुरस्थित प्रयोगशालामा पठाएको छ ।

यसैगरी कार्यालयले खाद्य उत्पादन गर्ने उद्योग तथा दाना उत्पादन गर्ने करीब एक सय उद्योगमा स्थलगत निरीक्षण गरेको छ । पर्सा र बारामा रहेका दूध, तेल, मसला र डेरीजन्य उद्योगमा बढी मिसावट देखिएकाले ती उद्योगमाथि निगरानी बढाएको प्राप्त समाचारमा जनाइएको छ ।

सो कार्यालयले हालसम्म आठपटक संयुक्त अनुगमन तथा १२० पटक एकल अनुगमन गरेको छ । पर्सा र बारामा १२ वटाभन्दा बढी डेरी उद्योग रहेको र ती उद्योगले पाउडर मिसाएर दूध बनाउने गरेको, नक्कली घ्यू उत्पादन गर्ने जानकारी आएकाले ती उद्योगमा निगरानी बढाएको छ ।

करीब २० वटा पानी उद्योग रहेको र तीमध्ये अधिकांश उद्योग नेपाल सरकारको मापदण्डविपरीत सञ्चालनमा रहेको बताइएको छ । उद्योगी फरार रहेकाले कार्यालयसँग भएको पुराना मुद्दा टुङ्गिन नसकेको हो । पर्सा र बारा दुई जिल्ला हेर्ने सो कार्यालयमा एक कार्यालय प्रमुखसहित दुई कर्मचारी मात्र भएको र सवारी साधनको अभावमा नियमित रुपमा अनुगमन हुन नसकेकाले प्राविधिक काम प्रभावित भएको छ ।

# चिनी मिललाई उखु अभाव

जलेश्वर, ५ फागुन (रासस) ।

महोत्तरी जिल्लाको गौशाला नगरपालिका-१ मा अवस्थित एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिजमा यसपालि चिनी तयारी गर्नका लागि उखुको अभाव भएको छ । गत पुसको पहिलो सातादेखि सञ्चालनमा आएको चिनी मिलमा आवश्यक मात्रामा उखु आयात नहुँदा मिललाई उखुको अभाव सिर्जना भएको महाप्रबन्धक कृष्णचन्द्र दासले बताउनुभयो ।

विगतका वर्षमा दैनिक ५०/६० हजार क्वीन्टल र कुनै कुनै दिन एक लाख क्वीन्टलसम्म उखु क्रसिङ हुने यस मिलमा अहिले उखु अभावमा दैनिक १०/१२ हजार क्वीन्टल मात्रै क्रसिङ हुने गरेको छ । मिलको क्षमताअनुसार उखु प्राप्त नहुँदा उखु क्रसिङ तथा चिनी उत्पादन हुन नसकेको जनाइको छ । अहिले चिनी मिलका कर्मचारीले नगद रुपैयाँ लिएर महोत्तरी, धनुषा, सर्लाही जिल्लाको गाउँगाउँमा उखु खरीद गर्न गए पनि किसानले आवश्यक मात्रामा उखु मिललाई प्रदान गरिरहेका छैनन् ।

यता उखु उत्पादक कृषक सङ्घका जिल्ला अध्यक्ष नरेश सिंहले चिनी उद्योगले उखु उत्पादकलाई उखु लिएबापतको रकम भुक्तानी गर्न दुई/तीन वर्ष लगाउने गरेको, पैसाको लागि आन्दोलन गर्नुपरेको र आफ्नै पैसाका लागि ज्यानसम्म गुमाउनु परेको कारण किसानले पर्याप्त मात्रामा उखु उत्पादन नगर्दा मिललाई उखु अभाव भएको बताउनुभयो ।

मिललाई उधारोमा उखु बिक्री गर्नुको साटो किसानले अहिले गाउँघरमै स्थानीयस्तरमा सख्खर तयार गर्ने क्रसिङ सेन्टरमा नगदमै उखु बिक्री गरिरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “यसवर्ष जिल्लामा उखु उत्पादनमा ४० प्रतिशतले कमी आएको छ भने चिनी मिलको रवैया कारण विस्तारै उत्पादनको परिणाम घट्दै जाने निश्चित छ ।”

कुनैबेला ५८ लाख क्वीन्टल उखु क्रसिङ गरेर मुलुककै पहिलो चिनी कारखाना बनेको एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिजका यार्ड (उखु लिएर आएका गाडी पार्किङ गर्ने ठाउँ) अहिले सुनसान छ भने चिनी मिलले नगदमै पनि उखु पाउन नसक्दा मिललाई उखुको अभाव सिर्जना भएको हो ।

## वीमा लेख नं. हराएको सूचना

लहानदेखी राजविराज आउँदै गरेको अवस्थामा २०७७ साल पुस २५ गते मेरो निम्न ब्यहोराको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८१५७६२६२१ मा सम्पर्क गर्नुहोला ।

**नाम : बन्दना दास**
**ठेगाना : कुशहा लक्ष्मिनिया ३, सिरहा, हाल : मलेकपुर २, सप्तरी**
**वीमा लेख नं. : १२००००९७९**


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

**डा. सुशील मोहन दास**

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

**कन्सलटेन्ट फिजिसियन**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan) NMC Reg. No. : 13297

**दुखाई विशेषज्ञ**

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# कोरियामा नेपाली मजदूरका लागि प्रवेशाज्ञा थप

सउल, ५ फागुन ५ (रासस)।

दक्षिण कोरिया सरकारले कोरियामा विभिन्न प्रवेशाज्ञा ( भिसा)मा आई काम गर्ने र काम गर्न चाहेर प्रवेशाज्ञा परिवर्तन गरी अवधि थप गर्न चाहने नेपाललगायत कोरियामा रहेका अन्य विदेशी कामदारको प्रवेशाज्ञा १३ महिनाका लागि थप गर्ने भएको छ।

विशेषगरी कोभिड-१९ का कारण प्रवेशाज्ञा अवधि सकिएर पनि स्वदेश फर्किने अवस्था नभएका कामदारलाई प्रवेशाज्ञा थप गरी अस्थायी मौसमी कामदारको रुपमा काम गर्न अनुमति दिने न्याय मन्त्रालयलले जनाएको हो।

प्रवेशाज्ञा थप हुनेमा एफ-१ (भ्रमण तथा पारिवारिक भिसा), एफ-३ (डिपेन्डेन्ट भिसा), एच-२ (भ्रमण तथा काम गर्ने भिसा), ई-९ (रोजगार अनुमति भिसा) आदि पर्नेछन् यो नियम यही मार्च २ देखि लागू हुने बताइएको छ। यो प्रक्रियामार्फत निवेदन दिने कामदारको सन् २०२२ को मार्च ३१ सम्म १३ महिनाका लागि अस्थायी प्रवेशाज्ञा थप हुनेछ।

अस्थायी प्रवेशाज्ञा प्राप्त गर्ने कामदारले कृषि तथा मत्स्यपालनमा काम गर्ने अनुमति प्राप्त गर्ने छन्। विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ का कारण कोरियामा करीब एक वर्षदेखि विदेशी कामदार भित्रिएका छैनन्। लामो समयदेखि विदेशी कामदार नभित्रिदा हुन गएका कामदारको अभावलाई पूर्ति गर्न पनि सो नियम ल्याइएको मन्त्रालयले बताएको छ। कोरियाले अस्थायी मौसमी कामदारको रुपमा गत वर्ष ७९ हजारको प्रवेशाज्ञा थप गर्ने तयारी गरेको छ।

त्यसैगरी मौसमी कामदारको रुपमा ९० दिनभन्दा धेरै प्रवेशाज्ञा प्राप्त गरेका कोरियाली मूलका विदेशी नागरिकले विभिन्न शुल्कमा छुट पाउने बताइएको छ। उनीहरूले प्रवेशाज्ञा परिवर्तन गर्न चाहेमा प्रवेशाज्ञा परिवर्तनको लागि पनि नियम खुकुलो पार्ने बताएको छ।

यसैगरी नेपालमा कोरियाको लागि श्रम सम्झौताको पर्खाइ गरी रोस्टरमा बसेकाको अवधि छ महिना थप हुने भएको छ। सो कुराको जानकारी कोरिया रोजगार तथा श्रम मन्त्रालयको प्रवासी श्रमिक विभागका सचिव ई ग्यांग सुनले दिनुभएको हो। रोजगार अनुमति प्रणाली ( इपिएस) अन्तर्गत भाषा परीक्षा उत्तीर्ण गरी कोरिया काम गर्न जानको लागि रोजगारदाताको र छनोटमा पर्न योग्य १६ देशको प्रवासी श्रमिकलाई रोस्टरमा राखिन्छ र दुई वर्षसम्म पनि उनीहरू छनोटमा नपरे स्वतः रद्द हुन्छन्। कोरोना महामारीका कारण दुई वर्षको अवधिभित्र श्रम सम्झौता पत्र नआएर २०२० नोभेम्बेर १ देखि रोस्टर अवधि सकिएकालाई पुनः छ महिना अवधि थपिएको हो।

# ट्रकको ठक्करबाट हरिणको मृत्यु

चितवन, ५ फागुन (रासस)।

पूर्व-पश्चिम राजमार्गको रत्ननगरमा ट्रकको ठक्करबाट हरिण मरेको छ। रत्ननगर नगरपालिका-९ सिँचाइगोट अगाडि बुधबार बिहान ट्रकले हरिणलाई ठक्कर दिएपछि मरेको हो।

जिल्ला प्रहरी कार्यालय चितवनका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक सूर्य थापाका अनुसार बिहान करीब ४:३५ बजेको समयमा रौतहटबाट नुवाकोट जान आउँदै गरेको ना६ख १४६० नंको ट्रकले हरिणलाई ठक्कर दिँदा घटनास्थलमै हरिण मरेको हो।

घटनापछि फरार भएका चालक र ट्रकलाई प्रहरीले भरतपुर महानगरपालिका-१ रामनगरबाट पक्राउ गरेको छ। नवलपरासीको देवचुली नगरपालिका-१ बस्ने २४ वर्षीय अनिल कुमाललाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका चालक र ट्रकलाई आवश्यक कारवाहीका लागि जिल्ला वन कार्यालय चितवन पठाइएको थापाले जानकारी दिनुभयो।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

# अमेरिकामा हिमआँधीबाट कम्तीमा २० जनाको मृत्यु

वासिङ्टन, ५ फागुन (रासस/सिन्ह्वा)।

संयुक्तराज्य अमेरिकामा केही दिनदेखिको हिमआँधीमा परेर कम्तीमा २० जनाको मृत्यु भएको स्थानीय सञ्चार माध्यमले बताएका छन्।

अमेरिकी जलवायु सेवाका अनुसार दक्षिणपश्चिम टेक्सासदेखि उत्तरपूर्वी म्यासाचुसेट्ससम्मको विशाल भूमिमा ठूलै हिमआँधी आएको छ।

टेक्सासमा मङ्गलबार अपराह्नसम्ममा ३० लाखभन्दा बढी मानिस विद्युत सेवाबाट विमुख भएका छन्। सुगरल्यान्ड शहरमा घरभित्र बालेको आगो फैलिएर भएको आगलागीबाट मङ्गलबार बिहान एक महिना र तीन बालबालिकाको मृत्यु भएको छ।

उत्तरी क्यारोलिनामा कम्तीमा तीन जनाको मृत्यु भएको छ भने १० जना अरु घाइते भएका छन्।

दक्षिणी टेनेस्सी राज्यमा पनि एक जना १० वर्षीय बालकको हिउँले ढाकिएको पोखरीमा खसेर मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रतिकूल मौसमका कारण धेरैवटा कोभिड-१९ का खोप केन्द्र पनि बन्द गर्नु परेको छ। खोप ढुवानीसमेतमा समस्या उत्पन्न भएको छ।

अर्को हिउँदे आँधी अमेरिकाका दक्षिण तथा मध्यपश्चिमी क्षेत्रमा बुधबारदेखि शुरु हुन लागेको पनि जलवायु अधिकारीले बताएका छन्।

# भारतमा कोभिड-१९ बाट एघार हजार ६०० भन्दाबढी सङ्क्रमित

नयाँदिल्ली, ५ फागुन (रासस/सिन्ह्वा)।

भारतमा मङ्गलबार ११ हजार ६१० जना थप व्यक्तिमा कोभिड-१९ सङ्क्रमण भएपछि कुल सङ्क्रमितको संख्यासम्म एक करोड नौ लाख ३७ हजारभन्दा बढी पुगेको भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार जनाएको छ।

साथै कोभिड-१९ सङ्क्रमितमध्ये एक लाख ५५ हजार ९१३ जनाको मृत्यु भएको छ। भारतमा हाल सक्रिय सङ्क्रमितको संख्या एक लाख ३६ हजार रहेको छ भने एक करोड छ लाख व्यक्ति सङ्क्रमणमुक्त भइसकेका छन्।

भारतमा कोभिड-१९ विरुद्ध गत जनवरी १६ देखि राष्ट्रव्यापी खोप अभियान शुरु गरेको थियो। देशभर करिब ९० लाख व्यक्तिले खोप लिइसकेका छन् जसमा मुख्यगरी स्वास्थ्यकमी रहेका छन्।

यसैबीच, मङ्गलबारसम्म भारतमा करिब २१ करोड नमुना परीक्षण गरिएको छ। पछिल्लो पटक आइतबार एक दिन छ लाख ४४ हजार नमुना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले जनाएको छ।

भारतमा हाल सेरम इन्स्टिच्युटले उत्पादन गरेको कोभिसिल्ड र भारत बायोटेक इन्टरनेसनलले उत्पादन गरेको कोभाक्सिन खोप प्रयोगमा ल्याइएको छ।

विश्वभर कोभिड-१९ बाट करिब ११ करोडभन्दा बढी व्यक्ति सङ्क्रमित भएका छन्। विश्व स्वास्थ्य सङ्गठनका अनुसार सङ्क्रमितमध्ये करिब २४ लाख ३० हजार व्यक्तिको ज्यान गएको छ।

संयुक्तराज्य अमेरिकामा चार लाख ९९ हजार, ब्राजिलमा दुई लाख ४० हजार, मेक्सिकोमा एक लाख ७५ हजार, बेलायतमा एक लाख १८ हजार, इटालीमा ९४ हजार र फ्रान्समा ८२ हजारको मृत्यु भइसकेको छ।

कोरोनाभाइरसको उत्पत्ति भएको भनिएको चीनमा भने चार हजार ६३६ जनाको मृत्यु भएको थियो। कोभिड-१९ विश्वका २२१ वटा मुलुक एवं क्षेत्रमा फैलिएको पाइएको छ। विश्वभर अझै पनि करिब ९८ हजार व्यक्ति गम्भीर अवस्थामा रहेर उपचार गराइरहेका छन्।

# ब्राजिलमा कोरोना भाइरसबाट मृत्यु हुनेको संख्या दुई लाख ४० हजार पुग्यो

साओ पाओलो, ५ फागुन (रासस/सिन्ह्वा)।

ब्राजिलमा कोरोना भाइरस (कोभिड-१९) बाट मृत्यु हुनेको संख्या बढ्दै गएको बताइएको छ।

प्राप्त समाचारअनुसार मङ्गलबारमात्र ब्राजिलका दुई लाख ४० हजारभन्दा बढीको यो सङ्क्रमणका कारण मृत्यु भएको पाइएको छ। ब्राजिलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार अहिलेसम्म अर्थात् मंगलबारसम्ममा ब्राजिलमा कोरोनाको कारण दुई लाख ४० हजार १५९ जनाको मृत्यु भएको छ।

ब्राजिलमा पछिल्ला दिनमा कोभिडका कारण मृत्यु हुनेको संख्या बढ्दै गएको यहाँका अधिकारीले जानकारी दिएका हुन्। ब्राजिल अमेरिकापछि कोरोनाबाट मृत्यु हुनेको संख्याको आधारमा दोस्रो सबैभन्दा प्रभावित मुलुक हो।

ब्राजिलमा गत २४ घन्टामा एक हजार १६७ जना कोरोना भाइरसका सङ्क्रमित बिरामीको ज्यान गएको पनि सो मन्त्रालयले जनाएको छ। केही महिना यतादेखिको मृत्यु संख्या हेर्दा एकै दिनमा भएको यो सबैभन्दा धेरै मृत्यु हो।

त्यसैगरी गएको २४ घन्टा यता मात्र गरेको परीक्षणका क्रममा कम्तीमा पनि ५५ हजार जनामा सङ्क्रमण देखिएको पुष्टि भएको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

गत सातादेखि नै यहाँका कोरोना सङ्क्रमितको संख्या ५० हजार नाघेको बताइएको छ। दक्षिण अमेरिकामा कोरोनाबाट सबैभन्दा धेरै प्रभावित बनेको ब्राजिलमा अहिलेसम्म कोरोनाका ९९ लाख २१ हजार ९९९ जना सङ्क्रमित फेला परिसकेका छन्।

यसअघि शुरुका दिनमा पनि कोरोना भाइरसको प्रकोप नियन्त्रण गर्न नसकेको भन्दै ब्राजिलका राष्ट्रपतिको आलोचना हुँदै आएको थियो। तर पछिल्लो पटक यहाँ पनि भाइरसका नयाँ प्रजाति पनि पाइएको र झन् ठूलो संख्यामा सङ्क्रमित भेटिन थालेको समाचारमा जनाइएको छ।

# तिलाठीमा सप्ताहव्यापी सरस्वती पुजा हुदै




**दैनिक समाचारदाता**
**राजबिराज, ५ फागुन ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका १ तिलाठीस्थित ऐतिहासिक पाठशाला प्रांगणमा सप्ताहव्यापी सरस्वती पूजनोत्सव एवम् बसन्त पञ्चमी मेला प्रारम्भ भएको छ ।

बिगत आठ दशभन्दा लामो समयदेखि परम्परागत रुपमा प्रत्येक वर्ष मनाईदै आएको सरस्वती पूजा तथा वसन्त पञ्चमी मेलाको मंगलबार विधिवत रुपमा शुभारम्भ भएको आयोजक समितिका अध्यक्ष समेत रहेका तिलाठी कोईलाडी गाउँपालिका वडा नम्बर १ का अध्यक्ष दिनेश्वर मिश्रले जानकारी दिएका छन ।

पाठशालास्थित सरस्वती मन्दिरमा सरस्वतीसहित दर्जन बढी देवी देवताहरुको मुर्ति निर्माण, रंगरोगन, सजावट गरि सोमबार मध्यराति परम्परागत रुपमा देवी देवताहरुको माटोको प्रतिमालाई नेत्रदान गर्दै पुजनोत्सव तथा मेलाको औपचारिक उद्घाटन गरिएको हो ।

मेलालाई अझ आकर्षण प्रदान गर्न यस वर्ष ४ दिन अन्तरराष्ट्रिय कुस्ति दंगल आयोजना गरिने योजना रहेको अध्यक्ष मिश्रले जानकारी गराए ।

मिश्रका अनुसार बिहीबारदेखि आइतबारसम्म सो अवसरमा कुस्ति दंगल, बुधबार मिथिला साहित्य कला प्रतिष्ठानको आयोजनामा साहित्यिक गोष्ठी आयोजना गरिने छ ।

यसका अतिरिक्त रातिको समयमा प्रत्येक राति (फागुन ४, ५, ६, ७, ८ र ९ गते) मैथिली तथा हिन्दी भाषाका नाटकहरु समेत मञ्चन गरिने कार्यक्रम रहेको आयोजक समितिका अध्यक्ष मिश्रले जानकारी गराए ।

स्थानीय सरस्वती सास्कृतिक नाट्यकला परिषद् तथा हरगौरी नाट्य कला परिषद्द्वारा नाटक मञ्चनको तयारी अन्तिम चरणमा रहेको दुबै परिषद्का निर्देशकहरुलाई उद्धृत गर्दै उनले जानकारी दिए ।

तिलाठीमा सरस्वती पूजा गर्न थालिएको बेलादेखि नै नाटक मञ्चन गरिने परम्परा रहि आएको छ । विक्रम सम्बत २००१ सालमा सरस्वती सांस्कृतिक नाट्य कला परिषद्को विधिवत स्थापना गरी रंगमञ्चलाई निरन्तरता दिँदै आएको सरस्वती सांस्कृतिक नाट्कला परिषद्का निर्देशक अखलेश्वर झाले वताए ।

स्थानीय बुढापाकाहरुका अनुसार विक्रम सम्बत १९९० को दशकदेखि तिलाठी सरस्वती पूजा मनाउन थालिएको हो ।

## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको उद्घाटन

**दैनिक समाचारदाता**
**जनकपुर, ५ फागुन ।**

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको बुधबार प्रदेश २ को अस्थायी राजधानी जनकपुरधाममा स्थापना भएको छ ।

प्रादेशिक अस्पताल परिसरभित्र अवस्थित भवनमा स्थापना गरिएको प्रतिष्ठानको मुख्यमन्त्री लालबाबु राउत र सामाजिक विकास मन्त्री नवलकिशोर साहले संयुक्त रुपमा उदघाटन गरेका छन् ।

प्रतिष्ठानको उदघाटन गर्दै मुख्यमन्त्री लालबाबु राउतले प्रदेशमा स्वास्थ्यको हिसाबले जनताको सहज किसिमले सबै रोगको उपचार गर्ने वर्षौंको आकांक्षालाई पूरा गर्न स्वास्थ्य विज्ञान प्रतिष्ठानले सहयोग गर्ने विश्वास व्यक्त गरे ।

प्रतिष्ठानको स्थापनासम्म सहयोग पुऱ्याउने प्रदेश सरकारका सबै मन्त्रीहरु, प्रदेश सभाका सभामुख लगायत सबै राजनीतिक दलका नेताहरुको भूमिका महत्वपूर्ण भएको बताए ।

यस्तै सामाजिक विकास मन्त्री नवलकिशोर साहले यसै वर्षौंदेखि एमबीएसको पढाइ सञ्चालन गर्नेतर्फ कार्य भइरहेको बताए ।

प्रदेश सरकारले यसअघि १८ माघमा प्रतिष्ठानको उपकुलपतिमा डा. राम केवल साह, रजिस्ट्रारमा डा. विनोद यादव र रेक्टरमा डा. अंकुर साहलाई नियुक्त गरिसकेको छ ।

# फागुन २३ देखि ६० वर्षमाथिका जेष्ठ नागरिकलाई कोभिड १९ को खोप दिने

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ फागुन ।**

सरकारले फागुन २३ गतेदेखि ६० वर्षमाथिका जेष्ठ नागरिकलाई कोभिड १९ विरुद्धको खोप दिने भएको छ ।

स्वास्थ्य मन्त्रालयको इन्सिडेन्ट कमाण्ड सिस्टमको बुधबार बसेको बैठकले २३ फागुनदेखि ६० वर्षमाथिका जेष्ठ नागरिकलाई खोप दिने निर्णय गरेको हो ।

मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले २० लाख खोप सेरम इन्स्टिच्युट अफ इन्डियासँग खरिद गरेर ल्याउने तयारी भएको जानकारी दिए ।

यसअघि मन्त्रालयले ५५ वर्षमाथिकालाई खोप दिने योजना अनुरूप आन्तरिक तयारी गरेको भन्दै खोप व्यवस्थापनका लागि अहिले ६० वर्ष माथिका नागरिकलाई प्राथमिकतामा राखेको उनले बताए । उनले छिट्टै ५५ वर्ष र त्योभन्दा कम उमेर समूहका मानिसहरूले खोप पाउने जनाए ।




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd.
CG Money CHAUDHARY GROUP

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*